कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, नेपाल

पत्र-संख्याः च.सं.: मिति :

## विपद व्यवस्थापनार्थ सहयोग आह्वानको सूचना

मिति २०८०।०७।१७ गते शुक्रवार राती ११.४७ बजे जाजरकोट क्षेत्रमा केन्द्रविन्दु बनाएर गएको भुकम्पबाट ठुलो धनजनको क्षती भएको छ। यस कठिन समयमा कर्णाली प्रदेश सरकारले सबै पक्ष संगको सहयोग तथा समन्वयमा आफ्नो अधिकतम क्षमता परिचालन गर्दै बिपद व्यवस्थापनको सबै प्रकारको काम गरिरहेको छ। कर्णाली प्रदेश सरकार भुकम्पबाट निधन भएका मृतक प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछ। शोक सन्तप्त परिवार प्रति गहिरो समवेदना र घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ। विपदको यस कठिन घडीमा सहयोग गर्ने सबै प्रति कर्णाली प्रदेश सरकार हार्दिक आभार एवम् धन्यबाद व्यक्त गर्दै यसको निरन्तरता र थप सहयोगको लागि हार्दिक अनुरोध गर्दछ। कर्णाली प्रदेशको सल्यान, जाजरकोट, रुकुम पश्चिम लगायतका जिल्लामा राहत, उद्धार, पुनः स्थापना, पूनःनिर्माण लगायतका कार्यमा आर्थिक सहयोग गर्न ईच्छुक व्यक्ति, निकाय, क्षेत्र, संघ संस्था लगायतका महानुभावहरुले देहाय बमोजिमको प्रदेश बिपद व्यवस्थापन खातामा रकम जम्मा गरी सहयोग गर्न अनुरोध भएको ब्यहोरा सबैमा सूचना गरिएको छ।

**खाताको नामः कर्णाली प्रदेश लेखा नियन्त्रक कार्यालय (विपद व्यवस्थापन कोष विविध खाता)**

**खाता नम्बरः ४०८०१००२०२०६००००**

**बैंकको नामः राष्ट्रिय बाणिज्य बैंक, सुर्खेत।**

**मितिः २०८०।०७।१९**

८/१९

(कृष्णप्रसाद खरेल)
प्रवक्ता



Scanned with CamScanner